नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को संयुक्त बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७७/०७/१९ गते बुधबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहामा बस्यो ।

**विशेष उपस्थिती (सल्लाहकार) :**

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समिति, सिरहा

नगर प्रमुख, श्री अशेस्वर प्रसाद यादव, सिरहा नगरपालिका, सिरहा

**उपस्थिति:**

१. प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

२. प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेरगण चोहर्वा व्यारेक

३. प्रहरी उपरिक्षक, श्री उमाशंकर पंजियार, जिल्ला प्रहरी कार्यालय, सिरहा

४. सशस्त्र प्रहरी उपरिक्षक, श्री दिपेन्द्र गिरी, सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहा

५. उप. अनु.निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा

६. नि. समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समिति, सिरहा

७. मे.सु., डा. नागेन्द्र प्रसाद यादव, जिल्ला अस्पताल सिरहा

८. प्रमुख, श्री महेन्द्र महासेठ, जलश्रोत तथा सिंचाई विकास डिभिजन, सिरहा

९. प्रमुख, श्री हरि लाल यादव, सव बन डिभिजन कार्यालय, सिरहा

१०. स्वा. अ., श्री अन्देश्वर, स्वास्थ्य कार्यालय, सिरहा

११. ईन्जिनयर, श्री जयनाथ यादव, हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय, जनकपुर

१२. प्र.नि., श्री दान बहादुर मिरिङ्गचिङ्ग, जि.ट्रा.प्र. कार्यालय, लहान

१३. सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा

१४. अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, उद्योग वाणिज्य संघ, सिरहा

१५. प्रतिनिधि, देव कुमार यादव, पत्रकार महासंघ, सिरहा

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

**बैठकको कारवाही एवम निर्णयहरु:**

१. कोभिड-१९ व्यवस्थापनको सिरहाको हालको अवस्था देहाय अनुरुप रहेको व्यहोरा अवगत भयो ;

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचाररत | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु | म | ज | | | | | | | | |
| सिरहा | 0 | ० | ८ | १८५ | ० | ० | ० | ८४६० | ११५ | ७२ | २३ | ९५ | १३९८ | ११३१७ | ११३१७ | १५१२ | ९५ | १३९८ | १९ | ३४०० |

२. गृह मन्त्रालय (विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा) को च.नं. ६८ मिति २०७७/०७/१८ को प्राप्त निर्देशन बमोजिम विपद् पूर्वतयारीलाई कुशल र प्रभावकारी रुपमा संचालन गर्न यस जिल्लामा रहेका दमकल तथा एम्बुलेन्सहरुको विवरण स्वामित्व र दमकल/एम्बुलेन्स रहेको स्थान समेत खुल्ने गरी ७ दिन भित्र सम्वन्धित विवरण उपलब्ध गराउने वारेको व्यहोरा बैठकमा अवगत भयो । सो विवरण जिल्ला- सिरहाका १७ वटै स्थानीय तह र सम्वन्धित निकायलाई जिल्ला प्रशासन कार्यालयमा विवरण पठाउन अनुरोध गर्ने ।

३. कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न यस अघि भएका निर्णय कार्यान्वयन गर्न गराउन ;

सबै (१७) स्थानीय तह ,
स्वास्थ्य कार्यालय एवम् सबै (१७) स्वास्थ्य शाखा ,
सरकारी तथा गैर सरकारी अस्पताल ,
DCCMC र यस अन्तर्गतका विषयगत निकाय ,
अन्य सरोकारवालाको निर्धारित भूमिका एवम् उत्तरदायित्व बारे समीक्षा गरियो ।

कोभिड-१९ संक्रमण जोखिम-समुदाय स्तर सम्म फैलिरहेको, परीक्षणको दर र दायरा बढाई नतिजामुखी परीक्षण गर्दा अझै भयावह स्थिति देखिने अवस्था रहेको सन्दर्भमा ;

भीडभाड हुन नदिन जन स्वास्थ्य र सुरक्षाका मापदण्ड एवम् प्रोटोकल अवलम्वन गर्न गराउन क्वारेन्टिन-आईसोलेसन व्यवस्थित गर्न, प्रदेश सरकारको सहयोगमा सिरहा अस्पतालमा भेन्टिलेटर -२, ५ मोनिटर सहितको ICU संचालनमा ल्याउन, जिल्ला प्रशासन कार्यालयको पुरानो भवनलाई पुन: निर्माण गरि सिरहा कारागारको आईसोलेसनमा ल्याउन ;

- सिरहा अस्पतालबाट आईसोलेसन कक्ष व्यवस्थापन गर्न,
- सबै स्थानीय तहले व्यवस्थित आईसोलेसन कक्ष तय गरी संचालनमा ल्याउन,
- सिरहा र लहान अस्पतालले १/१ शव बाहन/एम्बुलेन्स बोलपत्रदाता सँग लिई संचालनमा ल्याउन,
- स्वास्थ्य कार्यालय मार्फत होम आईसोलेसन नियमन गर्न,

लगायतका विषयमा तत् तत् निकायले आ-आफ्नो जिम्मेवारी बहन गर्ने ।

४. कोभिड संक्रमण जोखिम घटाउन जिल्ला प्रशासन कार्यालय सिरहाबाट २०७७/०७/१५ बाट ऐ. मंसिर १७ सम्मकालागि जारी आदेशको पालना गर्न- नागरिक कर्तव्यको भूमिका बढाई- नियमक निकायबाट कडाईका साथ नियमन गर्ने गराउने। यसका लागि ;

- हरेक स्थानीय तह, वडा तह,
- जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण र मातहत,
- जिल्ला समन्वय समितिका उप प्रमुखको संयोजकत्वममा गठित अनुगमन समिति,
- नागरिक समाज/संघ संस्था,
- आम संचार,
- अन्य सरोकारबालाहरु,

ले दैनिक चेक लिस्ट बनाई कार्य गर्ने।

५. २०७७ को यस वर्ष शीत लहरीको काम निकट आईरहेको सन्दर्भमा शीत लहरी पूर्व-पूर्व तयारी तथा प्रतिकार्य कार्य योजना, २०७७ तर्जुमा गर्न गठित समितिको प्रारम्भिक कार्यवारे छलफल भयो।
विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ (सिरहा) ले स्वीकृत गरेको बुँदा नं. ५.२ को शीतलहर तथा जाडो आपत्कालीन कार्य योजनालाई परिमार्जन गरियो।

६. २०७७ कार्तिक १८ को अपरान्ह लहानको **" सोनि ट्रेडर्स एण्ड सप्लायर्स "** कवाडि गोदाममा भएको आगलागी समयमै नियन्त्रण गर्न खटिएका बारुणयन्त्र नियन्त्रक, सुरक्षाकर्मी एवम् स्थानीय प्रति वैठक धन्यवाद प्रकट गर्दछ। बारुण यन्त्र चल्ने अवस्थामा राख्न, पानी भरी राख्न, नियन्त्रकलाई तयारी अवस्थामा राख्न सम्वद्ध सबै स्थानीय तह- पूर्व तयारी अवस्थामा रहने।

प्रमुख जिल्ला अधिकारी